# गण्डकी प्रदेश सभा

छैटौं अधिवेशन

बैठक संख्या - १७

सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति: २०८१/०३/१३

- गण्डकी प्रदेश सभाको मिति २०८१ साल असार ११ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको ११ बजेर ४५ मिनेटमा प्रारम्भ भयो ।
- बैठकको प्रारम्भमा शुन्य समयमा मा. डिल्लीराम सुवेदी, मा. निर्मला थापा, मा. भक्त बहादुर कुवर, मा. मित्रलाल बस्याल, मा. राजकुमारी भुजेल, मा. सीता कुमारी सन्दास र मा. श्याम राजा महतले समसामयिक विषयममा सभामा आफ्नो भनाई राखुभयो।
- त्यसपश्चात माननीय आर्थिक मामिलामन्त्री टकराज गुरुङ्गले "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोपबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" माथि विचार गरियोस् भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो । उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।
- त्यसपछि "आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" को सामान्य छलफल सुरु भयो। छलफलमा मा. प्रकाश बराल , मा. कृष्ण प्रसाद पाठक, मा. विन्दु पौडेल, मा. रेखा गुरुङ्ग, मा. निर्मला थापा, मा. डिल्लीराम सुवेदी, मा. मित्रलाल बस्याल र मा. सुधिर कुमार पौडेलले भाग लिनुभयो ।
- यसैबीच बैठक आधा घण्टाको लागि स्थगित भयो।
- स्थगित सभाको बैठक १ बजेर ४० मिनेटमा पुनः प्रारम्भ भयो र बैठकमा आर्थिक मामिला मन्त्री माननीय टकराज गुरुङ्गले "आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोपबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" माथिको सामान्य छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।
- त्यसपश्चात अर्थ तथा विकास समितिका माननीय सभापति भोजराज अर्याललले मन्तवय सहित समितिको वार्षिक प्रतिवेदन, २०८१ सभा समक्ष प्रस्तुतु गर्नुभयो।
- सभाको अर्को बैठक २०८१ असार १३ गते विहान ११ बजे बस्नेगरी स्थगित भयो ।